नेपाल सरकार

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्रोत परिचालन समन्वय शाखा)

प.सं. स्रोत परिचालन समन्वय शा.०७७\७८

च.नं ६२

मितिः २०७८/०१/०५

श्री जिल्ला समन्वय समिति (७७)

श्री सवै स्थानीय तहहरु.. ।

विषय : स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकन कार्यविधि, २०७७ को जानकारी सम्वन्धमा ।

प्रस्तुत विषयमा गाउँपालिका तथा नगरपालिकाहरुको वित्तीय सुशासन जोखिम मूल्यांकन गरी वित्तीय सुशासन अभिबृद्धि गर्नका लागि नेपाल सरकार, (मा. मन्त्रीस्तर) बाट मिति २०७७/१२/३१ मा स्वीकृत भएको "स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकन कार्यविधि, २०७७" जानकारीको लागि अनुरोध छ ।

राजकुमार वोहरा

(शाखा अधिकृत)

वोधार्थः

श्री सूचना तथा प्रविधि शाखा, सं.मा.तथा सा. प्र.मन्त्रालय : Website मा Upload गरिदिनु हुन ।

स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७

<u>प्रस्तावना:</u> स्थानीय तहको वित्तीय प्रणाली व्यवस्थित, पारदर्शी, विधिसम्मत र प्रभावकारी बनाउन स्थानीय वित्त व्यवस्थापनका सम्भावित जोखिमका क्षेत्रहरूको पहिचान गरी यसको लेखाजोखाको माध्यमबाट स्थानीय तहको वित्तीय सुशासनलाई संस्थागत गर्न वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८० को प्रयोजनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ तर्जुमा गरेको छ।

परिच्छेद- १

<u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस कार्यविधिको नाम "स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अङ्कभार" भन्नाले यस कार्यविधिको सूचकलाई तोकिए बमोजिमको अङ्कलाई सम्झनुपर्छ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्छ।

(ग) "नतिजाको जोखिम" भन्नाले सार्वजनिक श्रोत साधनको प्रयोगबाट लक्षित वर्गको जीवनस्तरमा परिणाममुखी सकारात्मक परिवर्तन आउन नसक्ने सम्भावनाको जोखिम सम्झनुपर्छ।

(घ) "प्रतिवेदन" भन्नाले मूल्याङ्कनबाट प्राप्त नतिजालाई सम्प्रेषण गर्नका लागि तोकिएको ढाँचा बमोजिमको विवरणलाई सम्झनुपर्छ।सो शब्दले सूचना प्रविधिमा आधारित ढाँचाबाट प्राप्त विवरणलाई समेत जनाउँछ ।

(ङ) "प्रक्रियाको जोखिम" भन्नाले सार्वजनिक वित्तीय साधन स्रोतको प्रयोग गर्दा प्रचलित कानूनले निर्धारण गरेको विधिसम्मत प्रकृयाको उल्लङ्घनको सम्भावनाको जोखिमलाई सम्झनुपर्छ ।

(च) "वित्तीय अनुशासनको जोखिम" भन्नाले सार्वजनिक पद, शक्ति र श्रोत साधनलाई निजी फाइदाको लागि दुरूपयोग हुन सक्ने सम्भावनाको जोखिमलाई सम्झनुपर्छ ।

(छ) "मन्त्रालय" भन्नाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनुपर्छ ।

(झ) "सूचक" भन्नाले यस कार्यविधिको अनुसूची २ मा उल्लेख गरिएका सूचकहरूलाई सम्झनुपर्छ।

(ञ) "स्थानीय तह" भन्नाले गाउँपालिका तथा नगरपालिकालाई सम्झनुपर्छ र सो शब्दले उपमहानगरपालिका र महानगरपालिकालाई समेत जनाउँछ।

(ट) “मूल्याङ्कन” भन्नाले गाउँपालिका /नगरपालिकाले दफा ३ को उपदफा (१) बमोजिमका वित्तीय सुशासन जोखिमका क्षेत्रमा भएको उपलव्धि र सो हासिल गर्न अवलम्बन गरिएको प्रक्रियालाई सम्झनुपर्छ ।

(ठ) “वित्तीय सुशासन जोखिम” भन्नाले भ्रष्टाचार, प्रकृयाको पालना नहुने र कमजोर व्यवस्थापनका कारण सार्वजनिक वित्तीय साधन तोकिएको वर्ग, लक्ष्य र प्रयोजनमा खर्च नहुने र यसबाट अपेक्षित नतिजा निस्कन नसक्ने सम्भावनालाई सम्झनुपर्छ।

परिच्छेद- २

मूल्याङ्कनको विषयक्षेत्र, तह र सूचकहरू

३. मूल्याङ्कनका विषयक्षेत्र (१) यस कार्यविधिको अधीनमा रही स्थानीय तहको मूल्याङ्कनका विषय क्षेत्रहरू देहाय बमोजिम हुनेछन्:-

(क) योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन

(ख) कार्यान्वयन क्षमता तथा व्यवस्थापन

(ग) लेखाङ्कन तथा प्रतिवेदन

(घ) अनुगमन, मूल्याङ्कन तथा लेखापरीक्षण

(ङ) राजस्व व्यवस्थापन

(२) उपदफा (१) बमोजिमका विषय क्षेत्रअन्तर्गत देहायका सूचकहरुको तह हुनेछन् ।

(क) प्रक्रियाको जोखिम

(ख) नतिजाको जोखिम

(ग) वित्तीय अनुशासनको जोखिम

(३) उपदफा (२) बमोजिमका सूचकका तह अनुसारको अङ्कभार अनुसूची १ अनुसार रहनेछ।

(४) उपदफा (१) बमोजिमका क्षेत्रहरूको मूल्याङ्कनका सूचकहरूको अङ्कभार गणना अनुसूची २ बमोजिम हुनेछ।

(५) आन्तरिक स्व-नियन्त्रण प्रणाली सम्बन्धी नमुना सुचकहरु अनुसूची ७ बमोजिम हुनेछ ।

परिच्छेद- ३

मूल्याङ्कन प्रक्रिया तथा अङ्कभार

४. मूल्याङ्कन प्रक्रिया: (१) यस कार्यविधि बमोजिमको मूल्याङ्कन मन्त्रालयले जिल्ला समन्वय समिति मार्फत गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको मुल्याङ्कन गर्दा अनुसूची ३ अनुसारको प्रक्रिया अपनाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम मुल्याङ्कन नतिजा प्राप्त भएपछि स्थानीय तहहरुलाई अनुसूची ४ बमोजिम वित्तीय सुशासन जोखिम अवस्थाको आधारमा वर्गीकरण गरिनेछ ।

(४) उपदफा ३ बमोजिम वर्गीकरण भएपछि स्थानीय तहहरुले अनुसूची ५ को ढाँचामा वित्तीय सुशासन जोखिम न्यूनीकरण कार्ययोजना बनाई कार्यान्यवनमा ल्याउनु पर्नेछ ।

(५) मूल्यांकनको सारांश अनुसूची ६ बमोजिम हुनेछ ।

(५) <u>स्थानीय तहको भूमिका:</u> (१) यस कार्यविधि बमोजिमको मूल्याङ्कन प्रक्रियामा स्थानीय तहको भूमिका देहाय अनुसार हुनेछ ।

(क) निर्वाचित जनप्रतिनिधि र कर्मचारीहरूलाई मूल्याङ्कनको उद्देश्य र विधिबारे जानकारी तथा प्रशिक्षित गर्ने।

(ख) विषय क्षेत्रहरूको मूल्याङ्कन कार्यका लागि स्थानीय तहका सम्बन्धित विभाग, महाशाखा, शाखालाई संलग्न गराउने।

(ग) सबै विभाग, महाशाखा, शाखाहरूसँग समन्वय गर्न एक जना अधिकृत कर्मचारीलाई सम्पर्क व्यक्ति तोक्ने।

(घ) विभाग, महाशाखा, शाखाले आफ्नो विषय क्षेत्रसँग सम्बन्धित सूचकको लेखाजोखा गर्ने प्रक्रियामा सहयोग गर्ने ।

(ङ) मूल्याङ्कनको नतिजाको प्रारम्भिक प्रतिवेदनमा पृष्ठपोषण प्रदान गर्ने ।

(च) मूल्याङ्कनको नतिजाको अन्तिम प्रतिवेदन उपर कार्यपालिका बैठक र सभामा जानकारी गराउने।

(झ) मूल्याङ्कनको नतिजा कार्यालयको वेबसाइट तथा सूचना पाटीमार्फत सार्वजनिक गर्ने।

(ञ) लेखाजोखाको पूर्वतयारीको निमित्त सूचकको स्वमूल्याङ्कन गरी यसको नतिजालाई जिल्ला समन्वय समितिमा पठाउने ।

(६) <u>जिल्ला समन्वय समितिको भूमिका</u> (१) मन्त्रालयको सहयोगमा स्थानीय तहका पदाधिकारी तथा कर्मचारीलाई वित्तीय सुशासन लेखाजोखाको बारेमा अनुशिक्षण गर्ने ।

(२) यस कार्यविधि बमोजिम मन्त्रालयले तोके अनुसार स्थानीय तहहरूको मूल्याङ्कन गर्ने।

(३) मूल्याङ्कनको प्रारम्भिक प्रतिवेदन पृष्ठपोषणको लागि सम्बन्धित स्थानीय तहमा पठाउने ।

(४) मूल्याङ्कनको अन्तिम नतिजा प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालय र मन्त्रालयमा पठाउने।

(५) उपदफा (१) बमोजिमको प्रक्रियाबाट गरिने मूल्याङ्कनको नतिजा मन्त्रालयबाट उपलब्ध गराइने सूचना प्रविधिमा आधारित ढाँचा (सफ्टवेयर) मा प्रविष्टि गर्ने।

(७) मूल्याङ्कन गरिने समयावधिः (१) जिल्ला समन्वय समितिले यस कार्यविधि अनुसारको मूल्याङ्कनको कार्य प्रत्येक आर्थिक वर्षको पौष मसान्तभित्र सम्पन्न गरिसक्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम मूल्याङ्कन गर्दा अघिल्लो आर्थिक वर्षको अन्त्यसम्मका तथ्याङ्कलाई आधार मानी सबै सूचकको अङ्क गणना गर्नुपर्नेछ ।

परिच्छेद- ४

मन्त्रालयको जिम्मेवारी

८. सफ्टवेयर प्रयोगमा ल्याउनेः मन्त्रालयले यस कार्यविधिबमोजिम स्थानीय तहमा गरिने मूल्याङ्कनको नतिजालाई एकीकृत रूपमा प्रविष्टि, भण्डारण, सुरक्षा, प्रस्तुतीकरण, नतिजा सार्वजनिकीकरणलगायतका कार्यमा सहयोग हुने सफ्टवेयर तयार गरी जिल्ला समन्वय समिति मार्फत प्रयोगमा ल्याउनेछ।

९. मन्त्रालयले मूल्याङ्कन कार्यको लागि सहयोग र सहजीकरण गर्न सक्नेः (१) मन्त्रालयले यस कार्यविधिबमोजिम गरिने स्थानीय तहको मूल्याङ्कन प्रक्रियालाई प्रभावकारी बनाउन सहयोग र सहजीकरण गर्न सक्नेछ ।

(२) मन्त्रालयले यस दफाबमोजिम सहजीकरण गर्दा अघिल्लो आर्थिक वर्षको मूल्याङ्कनमा कमजोर नतिजा प्राप्त हुने स्थानीय तहलाई प्राथमिकतामा राख्नेछ ।

९. जिम्मेवारी तोक्नुपर्नेः यस कार्यविधिबमोजिमको प्रणाली सञ्चालन तथा व्यवस्थापनका लागि मन्त्रालयले सम्बन्धित शाखालाई जिम्मेवारी तोक्नेछ ।

१०. नतिजाको विश्लेषण तथा पृष्ठपोषण गर्नुपर्नेः (१) मन्त्रालयले यस कार्यविधिबमोजिम प्राप्त हुने स्थानीय तहहरूको मूल्याङ्कन नतिजालाई विश्लेषण गरी एकीकृत प्रतिवेदन तयार गर्नेछ ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिम तयार भएको प्रतिवेदन जिल्लागत र प्रदेशगत रूपमा सार्वजनिक गर्ने व्यवस्था मिलाउनेछ ।

(३) मन्त्रालयले स्थानीय तहको मूल्याङ्कन नतिजा विश्लेषण गरी कमजोर नतिजा देखिएका स्थानीय तहहरूको क्षमता विकासको लागि कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछ ।

(४) मन्त्रालयले उपदफा (३) बमोजिम स्थानीय तहलाई दिइएको पृष्ठपोषणको जानकारी सम्बन्धित जिल्ला समन्वय समितिलाई गराउनेछ ।

(५) मन्त्रालयले यस दफाबमोजिम तयार गरिएको मूल्याङ्कन नतिजालाई अर्थ मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, महालेखा परीक्षकको कार्यालय, राष्ट्रिय योजना आयोग, महालेखा नियन्त्रक कार्यालय तथा आवश्यकता अनुसार नेपाल सरकारका अन्य निकायहरूलाई समेत उपलब्ध गराउन सक्नेछ ।

११. नतिजाको समीक्षा गर्नेः (१) यस कार्यविधि बमोजिम प्राप्त मूल्याङ्कन नतिजा उपर मन्त्रालयले प्रदेशगत रूपमा वार्षिक समीक्षा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिने समीक्षामा सम्बन्धित प्रदेश तथा नेपाल सरकारका विषयगत मन्त्रालय र अन्य निकायलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

१२. <u>मूल्याङ्कनको ढाँचा हेरफेर गर्न सक्नेः</u> (१) मन्त्रालयले मूल्याङ्कनबाट प्राप्त नतिजा, स्थानीय तहको पृष्ठपोषण तथा समीक्षा कार्यक्रमबाट प्राप्त सुझावको आधारमा यस कार्यविधि बमोजिम गरिने मूल्याङ्कनका सूचक वा अङ्कभारमा आवश्यक हेरफेर वा संशोधन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मूल्याङ्कन सूचक र अङ्कभारमा परिमार्जन, संशोधन वा थपघट गर्नु परेमा एक आर्थिक वर्षको परिणाम आइसकेपश्चात् अर्को वर्षको मूल्याङ्कन प्रक्रिया सुरु हुनुभन्दा कम्तीमा ३ महिना अगावै गरिसक्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम संशोधन वा हेरफेर गरिएको मूल्याङ्कन सूचक र अङ्कभार सम्बन्धमा मन्त्रालयले आवश्यकताअनुसार अनुशिक्षण गर्न सक्नेछ ।

परिच्छेद- ५
<u>विविध</u>

१३. <u>कार्यसम्पादन सूचकको आधारको रूपमा लिन सकिनेः</u> (१) यस कार्यविधिबमोजिम गरिएको मूल्याङ्कन नतिजालाई स्थानीय तहको वित्तीय सुशासनको सूचकको रूपमा उपयोग गर्न सकिनेछ।

(२) स्थानीय तहलाई वित्तीय हस्तान्तरण गर्दा यस कार्यविधिबमोजिमको नतिजालाई समेत आधार मान्न सकिनेछ।

१४. <u>बजेट व्यवस्थाः</u> (१) यस कार्यविधिबमोजिम गरिने वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यको लागि आवश्यक बजेट मन्त्रालयले व्यवस्था गर्नेछ ।

१५. <u>उत्कृष्ट स्थानीय तह घोषणासम्बन्धी व्यवस्थाः</u> (१) मन्त्रालयले मूल्याङ्कन नतिजाको आधारमा उत्कृष्ट स्थानीय तहहरूको घोषणा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उत्कृष्ट तह छनोट गर्दा गाउँपालिका र नगरपालिकालाई अलग अलग रूपमा गरिनेछ ।

१६. <u>कार्यविधिको संशोधनः</u> यस कार्यविधिमा कुनै संशोधन गर्नुपरेमा मन्त्रालयले आवश्यक संशोधन गर्न सक्नेछ ।

१७. <u>मूल्याङ्कन नतिजाको गुणस्तर सुनिश्चितताः</u> (१) मन्त्रालयले मूल्याङ्कनको नतिजाको गुणस्तरको सुनिश्चितता परीक्षणको लागि आवश्यक प्रबन्ध मिलाउन सक्नेछ ।

(२) उपदफा १ बमोजिम मूल्याङ्कन नतिजाको गुणास्तर सुनिश्चितता परीक्षण मन्त्रालयले आफैं वा तेस्रो पक्षलाई जिम्मेवारी दिई गर्न सक्नेछ ।

१८. <u>बाधा अड्काउ फुकाउन सक्नेः</u> यस कार्यविधिको कार्यान्वयनका सन्दर्भमा कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

अनुसूची- १

मूल्याङ्कनका सूचकहरूको तह र अङ्कभार

१. सूचकहरूको तह

(क) प्रक्रियाको जोखिम : कानूनी प्रक्रियाको उल्लङ्घनको जोखिम दर्शाउने सूचकहरू ।

(ख) नतिजाको जोखिम : जनताको जीवनमा परिणाममुखी र सकारात्मक परिवर्तन नहुने गरी सार्वजनिक स्रोतको प्रयोग हुने जोखिमका सूचकहरू ।

(ग) वित्तीय अनुशासनको जोखिम :सार्वजनिक श्रोत साधन शक्ति र अधिकारलाई निजी फाइदाका लागि उपयोग हुने सम्भावनाको जोखिमका सूचकहरू ।

२. सूचकको तह अनुसारको अङ्कभार: स्थिति विश्लेषणलाई निम्नानुसार अङ्कभार निर्धारण गरिएको छः

सूचकहरू	भार अनुपात	नतिजा विश्लेषण तथा अङ्कभार निर्धारणका आधार
प्रक्रिया	५३%	प्रत्येक सूचकको १ अङ्क (पूर्णाङ्क) निर्धारण गरिएको छ । छ वा छैन को आधारमा ०.५ देखि १ अङ्क सम्म दिइनेछ ।
नतिजा	१३%	
वित्तिय अनुशासन	३४%	

अनुसूची- २

दफा ३ को उपदफा (२) सँग सम्बन्धित

<u>मूल्याङ्कनका सूचकहरू र मूल्याङ्कन तालिका</u>

३.१ योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन (Planning, Budgeting and Programme Management)

विवरण	अङ्क भार		
(क) प्रक्रियाको व्यवस्थापन (Process Management)			
सूचकहरू	पूर्णाङ्क	प्राप्ताङ्क	
		छ (१)	छैन (०)
१. मध्यमकालीन खर्च संरचना सहित विनियोजन ऐन, आर्थिक ऐन र वार्षिक बजेट तथा कार्यक्रमलाई असार १० गतेभित्र सभामा पेश गरी सभाबाट असार मसान्तसम्ममा पारित गरिएको। (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१)	१		
२. एकीकृत/आवधिक विकास योजना तर्जुमा गर्दा (१) भौगोलिक सूचना प्रणाली (Geographical Information System) मा आधारित रही स्थानगत आधार(Spatial Based) मा तयार भएको । (२) सो योजनामा श्रोत नक्सा सहित भू-उपयोग योजना, यातायात गुरुयोजना, वातावरण व्यवस्थापन योजना, स्थानीय पूर्वाधार विकास योजना, स्थानीय आर्थिक विकास योजना र सामाजिक विकास योजना समेत समावेश गरी सभाबाट स्वीकृत गरिएको। (अङ्क ०.५ +०.५= १)	१		
३. एकीकृत आवधिक विकास योजना तर्जुमा गर्दा सो योजना कार्यान्वयनका लागि योजना अवधिभरका निमित्त आवश्यक स्रोत र साधनको अनुमान सहित परियोजनाको सूची तयार गरिएको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ (४)	१		
४. स्थानीय तहको क्षेत्रमा कार्यरत गैरसरकारी संस्था र सामुदायिक संघसंस्थाले आफ्नो वार्षिक योजना, कार्यक्रम तथा बजेट स्थानीय तहको वार्षिक योजना, कार्यक्रम तथा बजेटमा समावेश गरेर मात्र कार्यान्वयनमा ल्याउने गरेको। (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ (२) (ख)	१		
५. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले फागुन महिनाभित्र आगामी वर्षका लागि स्रोत अनुमानको आधारमा बजेटको कुल सीमा निर्धारण गरी सो सीमाअनुसार सभाबाट बजेट तथा कार्यक्रम पारित भएको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ (३) (ग)	१		

६. आगामी आ.व.को बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत बजेट प्रक्षेपण गरेको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ (३) र (६)			
७.(१) वार्षिक बजेट तथा कार्यक्रमको तर्जुमाका लागि स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन भई सो समितिले आगामी आ.व.का लागि विषयगत क्षेत्रको बजेट सीमा निर्धारण गरेको र सोही सीमा भित्र रही विषयगत क्षेत्रको वजेट तथा कार्यक्रम तर्जुमा गरेको । (२) आगामी वर्षको बजेट सीमालाई चालु आ.व.को वैशाख १५ गतेभित्र प्रमुख प्रशासकीय अधिकृतले विषयगत महाशाखा, शाखा तथा वडा समितिलाई उपलब्ध गराएको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६) (अङ्क ०.५ +०.५= १)	१		
८. जुनसुकै स्रोतबाट प्राप्त भएको चल अचल सम्पत्तिको (१) जिन्सी आम्दानी बाँधी लगत राखेको । (२) प्रयोग गर्नेको भर्पाई सहितको सहायक खाता रहेको । (अङ्क ०.५ +०.५= १)	१		
९. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा संघ र प्रदेशबाट प्राप्त मार्गदर्शनको पालना भएको।	१		
१०. वार्षिक बजेट तथा कार्यक्रमको तर्जुमाका लागि (१) स्थानीय तहको उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन भई सो समितिको बैठक बस्ने गरेको । (२) समितिले निर्धारण गरेको बजेट सीमाभित्र रही स्थानीय योजना तथा कार्यक्रमलाई प्राथमिकीकरण गरी बजेट विनियोजन गर्ने गरिएको। (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७) (अङ्क ०.५ +०.५= १)	१		
११. वैदेशिक सहायतामा सञ्चालित कार्यक्रमहरू नेपाल सरकारको स्वीकृति लिएर मात्र सञ्चालन गरिएको । (अन्तर-सरकार वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १२-४)	१		
१२. स्थानीय तहले आन्तरिक ऋण लिनुअघि (१) नेपाल सरकारको सहमति लिई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको सीमाभित्र लिने गरिएको ।(२) स्थानीय तहको ऋण दायित्वको अद्यावधिक अभिलेख राखिएको। (अन्तर-सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा १४-३ र १६-१) (अङ्क ०.५ +०.५= १)	१		
१३. आगामी आर्थिक वर्षको लागि आय-व्ययको प्रक्षेपण गरी यससम्बन्धी प्रतिवेदनलाई प्रत्येक वर्षको पौष मसान्तभित्र सङ्घीय अर्थ मन्त्रालयमा पेश	१		

गरेको । (अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनको दफा १८)			
१४. संचित कोषको व्यवस्थापनका लागि एकल खाताको प्रयोग हुने गरेको।	१		
१५. स्थानीय तहमा रहेका विभिन्न कोषहरुको व्यवस्था तथा सञ्चालन गर्दा कानून बनाएर मात्र गर्ने गरिएको।	१		
जम्मा	१५		
(ख) नतिजा व्यवस्थापन (Management of Results)			
१६. स्वीकृत आवधिक/एकीकृत योजनाको परियोजना सूचीमा उल्लिखित परियोजनालाई वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी पूर्णरूपमा कार्यान्वयनमा ल्याइएको । (स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५(नमुना) को दफा १ (५)	१		
१७. आफूले उठाएको राजश्व र राजस्व बाँडफाँट बाट प्राप्त हुने रकम सहितको कुल राजश्व रकमबाट आफ्नो सम्पूर्ण प्रशासनिक खर्च पूरा गरी बाँकी रकम विकास निर्माण कार्यमा उपयोग गरेको। (अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनको दफा २१ (४)	१		
(ग) वित्तीय अनुशासनका उपायहरु (Fiscal Dicipline Measures)			
१८. राजस्व परिचालन र खर्च गर्दा सभाबाट पारित आर्थिक ऐन, विनियोजन ऐन तथा वार्षिक बजेट तथा कार्यक्रमको सीमा भित्र रही खर्च गर्ने गरेको। (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१)	१		
१९. चालु आ.व.को बजेट तथा कार्यक्रममा महामारी तथा विपद् व्यवस्थापनका लागि बाहेक अन्य कार्यक्रमको हकमा आयोजनागत रूपमा बजेट बाँडफाँट गरिएको। (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) र ६६ (८)	१		
२०. गत आ.व.मा वित्तीय समानीकरण अनुदानको रकम प्रशासनिक खर्चमा उपयोग नभएको । (अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनको दफा २१-४)	१		
२१. गत आ.व.को बजेटमा पुँजीगत खर्चको रूपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर नगरिएको । (अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनको दफा २९)	१		

३.२ कार्यान्वयन क्षमता तथा व्यवस्थापन (Implementation Capacity and Management)

विवरण	अंकभार	
(क) प्रक्रियाको व्यवस्थापन (Process Management)		
सूचकहरू	पूर्णाङ्क	प्राप्ताङ्क

		छ (१)	छैन (०)
२२. कार्यपालिकाको बैठक कम्तीमा महिनाको एकपटक बस्ने गरेको। (स्थानीय सरकार सञ्चालन ऐनको दफा १७)	१		
२३. स्थानीय विपद् व्यवस्थापन समिति गठन भएको र विपद् व्यवस्थापन कोषको स्थापना र परिचालन कानुन अनुसार भएको । (विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७, स्थानीय सरकार सञ्चालन ऐनको दफा ११(२)	१		
२४. गत आ.व.मा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भई खर्च हुन नसकेको सःसर्त अनुदानको रकम सोही आ.व.मा सम्वन्धित सरकारलाई फिर्ता गरेको ।	१		
२५. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसको सीमाभित्र रही आफ्नो सभाबाट स्वीकृत गराई उत्पादनशील रोजगारमूलक, आन्तरिक आय वृद्धि तथा पूँजीगत कार्यका लागि मात्र आन्तरिक ऋण परिचालन गरिएको। (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८) (१)	१		
२६. चालु आ.व.को बजेट सभाबाट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेटको खर्च गर्ने अख्तियारी प्रदान गरेको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(१)	१		
२७. सार्वजनिक खरिद ऐनको परिधिभित्र रही सार्वजनिक खरिदसम्बन्धी नियमावली तयार गरी सभाबाट पारित गरिएको र यसलाई कार्यान्वयनमा ल्याईएको। (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२)	१		
२८. (१)पूर्वाधारका योजनाहरू कार्यान्वयन गर्न नेपाल इन्जिनियरिङ काउन्सिलमा दर्ता भएको सिभिल इन्जिनियरको व्यवस्था गरेको । (२)नक्सा पास तथा सहरी विकासका लागि नेपाल इन्जिनियरिङ काउन्सिलमा दर्ता भएको आर्किटेक इन्जिनियरको व्यवस्था गरी लागत अनुमान, सुपरिवेक्षण र प्राविधिक जाँचपास तथा नक्सा पासको काम गर्ने गरिएको। (अङ्क ०.५ +०.५= १)	१		
२९. कार्यालयमा रिक्त रहेका स्थायी कर्मचारीको पूर्तिका लागि नियमितरुपमा प्रदेश लोकसेवा आयोगमा माग आपूर्ति फारम भरी पठाईएको ।	१		
३०. (१)उपभोक्ता समिति गठन गर्दा परियोजना स्थलमा नै टोल विकास सस्था मार्फत आम भेला गराई परियोजना क्षेत्रका लाभग्राही जनताबाट नै उपभोक्ता समिति गठन हुने गरेको । (२)उपभोक्ता समितिलाई परियोजना सञ्चालनबारेमा अभिमुखीकरण गर्ने गरिएको।	१		

(अङ्क ०.५ +०.५= १)			
३१. बोलपत्रको माध्यमबाट सार्वजनिक खरिद गर्दा इच्छुक बोलपत्र दाताहरुलाई बोलाई पूर्व बोलपत्र (Pre-Bid) बैठक गर्ने गरिएको । (सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५२)	१		
३२. प्रत्येक आर्थिक वर्ष सुरु हुनुभन्दा पन्ध्र दिन अगावै आफ्नो क्षेत्रभित्रका निर्माण कार्य तथा अन्य सेवा प्रयोजनका लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट तोक्ने गरेको। (स्थानीय सरकार सञ्चालन ऐनको दफा १३)	१		
३३. समपूरक अनुदानबाट सञ्चालन हुने आयोजनाहरुमा यससम्बन्धी कार्यविधिले निर्धारण गरेअनुसार लागत साझेदारीको लागि बजेट विनियोजन गरिएको।	१		
३४. २० हजार रुपैयाँभन्दा बढी रकमको मालसामान खरिद गर्दा वा निर्माण कार्य गर्दा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेको व्यक्ति, संस्था, फर्म वा कम्पनीबाट मात्र खरिद गर्ने गरिएको ।	१		
३५. सार्वजनिक खरिदका लागि खरिद ऐन तथा नियमावली बमोजिम खरिद एकाइ तथा मूल्यांङ्कन समिति गठन भई सो समिति क्रियाशील भएको ।	१		
(ख) नतिजा व्यवस्थापन (Management of Results)			
३६. गत आ.व.मा नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान र समपुरक अनुदानको रकम शतप्रतिशत खर्च भएको ।	१		
३७. गत आ.व. मा कुल पूँजीगत बजेटको कम्तीमा ८० प्रतिशतभन्दा बढी वित्तीय प्रगति भएको ।	१		
३८. सडक यातायात गुरुयोजनाले तोकेको वार्षिक लक्ष्यको ८० प्रतिशतभन्दा वढी सडक निर्माण भएको ।	१		
३९. स्थानीय तह संस्थागत मूल्याङ्कनमा ९० प्रतिशतभन्दा बढी अंक प्राप्त गरेको।	१		
(ग) वित्तीय अनुशासनका उपायहरू (Fiscal Discipline Measures)			
४०.(१) गत आ.व.मा बहुवर्षिय योजना वा आयोजनाका लागि खरिद गर्दा वा वार्षिक १० करोड रुपैयाँभन्दा बढी रकमको खरिद गर्दा स्वीकृत खरिद गुरुयोजना अनुसार मात्र खरिद भएको, (२) वार्षिक १० लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्दा स्वीकृत वार्षिक खरिद योजनाअनुसार मात्र खरिद भएको । (सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ७)	१		
४१ .गत आ.व.मा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त सःसर्त अनुदान जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनमा मात्र खर्च भएको। (अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ (२)	१		
४२ .(१)उपभोक्ता समितिले जिम्मा लिएको कार्यहरू उपभोक्ता समितले ठेकेदारलाई ठेक्कामा दिने नगरेको । (२)उपभोक्ता समितिबाट हुने कार्यमा	१		

स्थानीय उपभोक्ताहरूले परियोजना लागतको सभाबाट तोकिए बमोजिमको न्यूनतम लागत सहभागिता जुटाएको । (सार्वजनिक खरिद नियमावलीको नियम ९७(३) र ९७(१०) (अङ्क ०.५ +०.५= १)			
४३.सभाबाट सुशासन, विधायन र लेखा समिति गठन भएको। (स्थानीय सरकार सञ्चालन ऐनको दफा २२)	१		
४४.निर्वाचित पदाधिकारीलाई प्रदेश कानुन बमोजिम मात्र सुविधा दिएको। (नेपालको संविधान धारा २२७)	१		
४५.निर्वाचित पदाधिकारीले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र आफ्नो र आफ्नो परिवारको सदस्यको नाममा रहेको सम्पत्तिको विवरण सम्बन्धित स्थानीय तहमा पेस गरी प्रदेशमा पठाएको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११०)	१		
४६.अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दिएका सुझाव कार्यान्वयन भएको। (अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८)	१		
४७.पाँच लाख सम्मका आयोजनाहरुमा विनियोजित बजेटको हिस्सा कुल पूँजीगत बजेटको ३० प्रतिशतभन्दा बढी नरहेको ।	१		
४८. गैर सरकारी संस्था (गैसस) मार्फत योजना कार्यान्वयन गरेको अवस्थामा गैससको नगद लागत साझेदारी ३० प्रतिशतभन्दा बढी रहेको ।	१		
४९. सञ्चालन गरिएका योजनाहरू सम्पन्न भएपछि प्राविधिक जाँचपास गरी कार्यपालिकाको बैठकबाट यस्ता योजनाको फरफारकसमेत गर्ने गरिएको।	१		
५०.ठेक्कापट्टामा e-bidding प्रणाली पूर्णरूपमा कार्यान्वयनमा ल्याइएको।	१		

३.३ लेखाङ्कन तथा प्रतिवेदन (Accounting and Reporting)

विवरण	अंकभार		
(क) प्रक्रियाको व्यवस्थापन (Process Management)			
सूचकहरू	पूर्णाङ्क	प्राप्ताङ्क	
		छ (१)	छैन (०)
५१.नेपाल सरकारबाट स्वीकृत भए अनुसार स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली सूत्र (SUTRA) प्रयोगमा ल्याएको । (अन्तर-सरकार वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा ३१)	१		
५२.धरौटीको कच्चावारी राखेको र गतवर्षको मौज्दात चालु वर्षमा जिम्मेवारी सारेको।	१		
५३.नेपाल सरकारबाट स्वीकृत सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली			

(PAMS) कार्यान्वयनमा ल्याएको ।			
५४.गत आ.व. भन्दा अघिल्लो आ.व.को आय-व्यय र बजेट कार्यान्वयनको बारेमा गत आ.व. को पहिलो चौमासिक अवधि भित्र वार्षिक समीक्षा गरी समीक्षा प्रतिवेदनलाई कार्तिक मसान्त भित्र वेबसाइटबाट सार्वजनिक गरिएको। (अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३०(३)	१		
५५.सशर्त, समपूरक र विशेष अनुदानको खर्च र उपलब्धिको प्रगति प्रतिवेदन नियमित रुपमा संघ र प्रदेशका सम्बन्धित निकायमा पठाउने गरेको।	१		
५६.स्थानीय सञ्चित कोषको चौमासिक शीर्षकगत विवरण महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा तयार गरी चौमासिक अवधि सकिएको १५ दिनभित्र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, सङ्घीय अर्थ मन्त्रालय र प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयमा उपलब्ध गराएको । (अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनको दफा ३२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ (५)	१		
५७.प्रमुख प्रशासकीय अधिकृतले स्थानीय तहको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति विवरण त्यस्तो अवधि समाप्त भएको १५ दिनभित्र कार्यपालिकाको बैठकमा पेस गर्ने गरेको। (स्थानीय सरकार सञ्चालन ऐनको दफा ७६ (३)	१		
५८.आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गरेको। (स्थानीय सरकार सञ्चालन ऐनको दफा ७६ (४)	१		
५९.धरौटी खाताको रकम अन्य प्रयोजनमा खर्च नभएको र फिर्ता गर्नु पर्ने धरौटी खाताको रकम नियमानुसार फिर्ता गरिएको।	१		
६०.दैनिक भ्रमण भत्ताको अभिलेख (भ्रमण खाता) राख्ने गरिएको र भ्रमण प्रतिवेदन बिना दैनिक भ्रमण भत्ताको भुक्तानी वा यसको पेस्की फछ्र्यौट नगरेको ।	१		
(ख) नतिजा व्यवस्थापन (Management of Results)			
६१.राजश्व बाँडफाँटका लागि स्थानीय विभाज्य कोष खडा गरेको। (अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनको दफा ६)	१		
६२.कुल लाभग्राहीको सामाजिक सुरक्षा भत्ता बैंकमार्फत भुक्तानी भई भुक्तानी पाउने व्यक्तिको विवरण वेबसाइटबाट सार्वजनिक गरेको।	१		
(ग) वित्तीय अनुशासनका उपायहरू (Fiscal Discipline Measures)			
६३.कार्यपालिकाले रकमान्तर गर्दा स्वीकृत वार्षिक बजेटको अधीनमा रही कुनै	१		

शीर्षकबाट पुँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढाई गरेको। (स्थानीय सरकार सञ्चालन ऐनको दफा ७९-३)			
६४.गत आ.व.को अन्त्यमा म्याद नाघेको पेस्की नरहेको	१		
६५.राजनीतिक दल वा तिनका भ्रातृ वा भगिनी संगठनहरूलाई आर्थिक सहायता वा अनुदान प्रदान नगरिएको ।	१		
६६.एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम स्थानीय सञ्चित कोषमा जम्मा भएको । (स्थानीय सरकार सञ्चालन ऐनको दफा ७५)	१		
६७.स्थानीय तहले गर्ने भुक्तानी बैंकिङग प्रणालीबाट (नगदरहित भुक्तानी) भएको । (स्थानीय सरकार सञ्चालन ऐनको दफा १२ (२)	१		

३.४ अनुगमन, मूल्याङ्कन तथा लेखापरीक्षण (Monitoring, Evaluation and Auditing)

विवरण	अंकभार		
(क) प्रक्रियाको व्यवस्थापन (Process Management)			
सूचकहरू	पूर्णाङ्क	प्राप्ताङ्क	
		छ (१)	छैन (०)
६८.(१)गत आ.व.मा अन्तिम लेखापरीक्षणको प्रतिवेदन सो प्राप्त भएको मितिले १५ दिनभित्र आफ्नो वेबसाइटबाट सार्वजनिक गरेको । (२)महालेखा परीक्षकले जारी गरेको प्रतिवेदन सभामा पेस गरी छलफल हुने गरेको (अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३०) (अङ्क ०.५ +०.५= १)	१		
६९.(१)आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियतलाई अन्तिम लेखापरीक्षण हुनु आगावै सम्परीक्षण गरेको । (२) आन्तरिक लेखापरीक्षणको प्रतिवेदनको एक प्रति अन्तिम लेखापरीक्षणका लागि खटिने डोर वा महालेखा परीक्षकले तोकेको व्यक्ति वा निकायलाई उपलब्ध गराएको। (स्थानीय सरकार सञ्चालन ऐनको दफा ७७) (अङ्क-०.५+ ०.५ = १)	१		
७०.उपप्रमुख वा उपाध्यक्षले योजना तथा कार्यक्रमको सुपरिवेक्षण गरी सोको प्रतिवेदन मासिक रूपमा कार्यपालिकाको बैठकमा पेश गर्ने गरेको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६)	१		
७१.वडाभित्र सञ्चालित योजनाको अनुगमन गरी पृष्ठपोषण दिन वडास्तरीय अनुगमन समिति गठन गरेको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६)	१		

७२.कार्यालयमा सबैले देख्ने स्थानमा नागरिक बडापत्र राखिएको । (सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ दफा २५)	१		
(ख) नतिजा व्यवस्थापन (Management of Results)			
७३.गत आर्थिक वर्षमा सोभन्दा अघिल्लो आ.व.को अन्तिम लेखापरीक्षण गर्दा आर्थिक कारोबारमा कुल खर्चको २ प्रतिशतभन्दा कम बेरुजु रहेको ।	१		
७४.वर्षमा कम्तीमा एकपटक कार्यालयको सम्पत्तिको अभिलेख तथा जिन्सी मालसामानको अवस्थाबारे जिन्सी निरीक्षण प्रतिवेदन लिई सम्पत्तिको संरक्षणको व्यवस्था गरिएको। (आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ५५ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९)	१		
७५.सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसायको विवरण सहितको अद्यावधिक अभिलेख राखी सभालाई समेत जानकारी गराएको । (स्थानीय सरकार सञ्चालन ऐनको दफा ११-२ (ड) (४)	१		
(ग) वित्तीय अनुशासनका उपायहरू (Fiscal Discipline Measures)			
७६.स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन योजना, कार्यक्रम, आयोजनाको कार्यान्वयन र सेवा प्रवाहले आर्थिक सामाजिक विकासमा पारेको समग्र योगदानबाट आफ्नो सामाजिक जिम्मेवारी पूरा भए नभएको सन्दर्भमा लेखाजोखा गर्न सरोकारवाला समेतलाई भेला गराई सामाजिक परीक्षण गरेको। (स्थानीय सरकार सञ्चालन ऐनको दफा ७८ (५)	१		
७७.प्रत्येक चौमासिकमा कम्तिमा १(एक) पटक आफूले गरेको कामको सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्ने गरिएको। (सुशासन नियमावलीको नियम १९)	१		
७८.कार्यालयबाट भएको काम कारबाहीको विषयमा सर्वसाधारणलाई जानकारी दिन कुनै अधिकृतलाई प्रवक्ता तोकी निजमार्फत कम्तीमा महिनाको एक पटक भए गरेको कामकारबाहीको विषयमा सार्वजनिक रूपमा जानकारी दिएको। (सुशासन ऐनको दफा ३५)	१		
७९.आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य सम्पादन र वित्तीय प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण सम्बन्धी कानुन पारित गरी आन्तरिक नियन्त्रण प्रणाली कार्यन्वयनमा ल्याइएको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८) (१)	१		

८० .(१) स्थानीय तहले पदाधिकारी तथा कर्मचारीका लागि आचारसंहिता बनाई लागू गरेको । (२) निर्णय गर्न पाउने पदाधिकारी आफ्नो स्वार्थ बाझिएका विषयसम्बन्धी निर्णयमा सहभागी नभएको। (सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा १८) (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११२) (अङ्क ०.५ +०.५= १)	१		
८१ .गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको अन्तिम लेखापरीक्षण गर्दा असुल उपर गर्नुपर्ने कुनै बेरुजु नभएको।	१		
८२ .योजनाको अन्तिममा भुक्तानी दिंदा योजना स्थलमा टोल विकास संस्थाको सहभागितामा योजनाको लाभग्राही भेला गरी आय-व्यय, प्रगति, प्रक्रिया र योजनाको गुणस्तरको बारेमा सार्वजनिक परीक्षण गरेर मात्र भुक्तानी दिने गरिएको।	१		
८३ .वेरुजुको अद्यावधिक लगत तयार गरेको र फछ्यौटका लागि सम्बन्धित निकायमा पत्राचार गरेको।	१		

३.५ राजस्व व्यवस्थापन (Revenue Management)

विवरण	अंकभार		
(क) प्रक्रियाको व्यवस्थापन (Process Management)			
सूचकहरू	पूर्णाङ्क	प्राप्ताङ्क	
		छ (१)	छैन (०)
८४ .आगामी आर्थिक वर्षका लागि आय-व्यय प्रक्षेपण गरिएको तथ्याङ्कसहितको विवरण सङ्घीय अर्थ मन्त्रालयमा पठाएको। (अन्तर-सरकार वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १८-१)	१		
८५ .आफ्नो क्षेत्राधिकार भित्र रही सभाबाट पारित आर्थिक ऐन अनुसार मात्र राजस्वका दर रेट निर्धारण र राजस्वको व्यवस्थापन गरेको। (नेपालको संविधानको धारा २२८) स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५४)	१		
८६ .आफ्नो अधिकार क्षेत्रभित्र रहेका आन्तरिक स्रोतको दर र दायरा बढाउन राजश्व परामर्श समितिले आन्तरिक कार्यदल गठन गरेको र प्रमुख करहरूको नक्साङकन समेत गरी राजस्व प्रक्षेपण गरेको।	१		
८७ .गत आर्थिक वर्षमा घर जग्गा रजिष्ट्रेसन शुल्क, मनोरञ्जन कर, तथा विज्ञापन करबाट उठेको रकममध्ये तोकिए बमोजिमको रकम प्रदेश सरकारको सञ्चित कोषमा जम्मा गरेको ।	१		

(अन्तर-सरकार वित्त व्यवस्थापन ऐन, २०७४ को प्रावधान)			
८८.स्थानीय कानुनबमोजिम मात्र आकस्मिक कोष सञ्चालनमा ल्याएको। (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७०)	१		
८९.सूचना प्रविधिको प्रयोग गरी सम्पत्ति कर, व्यवसाय कर, मालपोत, मनोरञ्जन कर, विज्ञापन कर र बहाल करको नक्साङकन गरी यसलाई सूचना प्रविधिबाट अभिलेख राखिएको।	१		
९०.करदातालाई कर सम्बन्धी सूचना वा फारामहरू निःशुल्क रूपमा उपलब्ध गराइएको ।	१		
९१.कर, दस्तुर, सेवा शुल्कको दर रेट तथा यस सम्बन्धी प्रक्रियाहरूको अद्यावधिक विवरण करदाताले सजिलै देख्न र बुझ्न सक्ने गरी कर शाखामा र वेबसाइटमा राखिएको।	१		
९२.(१) सबै वडाबाट कर संलकन गर्ने गरिएको ।(२) सबै वडामा नक्सा पास प्रणाली कार्यान्वयनमा ल्याएको। (अङ्क ०.५ +०.५= १)	१		
(ख) नतिजा व्यवस्थापन (Management of Results)			
९३.(१)गत आर्थिक वर्षमा सोभन्दा अघिल्लो आ.व.को तुलनामा कम्तीमा १० प्रतिशतले आन्तरिक आय (आफूले उठाएको रकम) वृद्धि भएको (२) करदाताको सङ्ख्या समेत हरेक वर्ष कम्तीमा १० प्रतिशतले वृद्धि भएको। (अङ्क ०.५ +०.५= १)	१		
९४.(१) गत आ.व.मा राजस्व परामर्श समितिले गरेको राजस्व अनुमानको ९० प्रतिशतभन्दा बढी राजस्व संकलन भएको । (२) कुल बजेटमा आन्तरिक आयको हिस्सा २० प्रतिशतभन्दा बढी रहेको । (अङ्क ०.५ +०.५= १)	१		
(ग) वित्तीय अनुशासनका उपायहरू (Fiscal Discipline Measures)			
९५.संकलन गरेको राजश्व अर्को दिनभित्र बैङ्कमा जम्मा हुने गरेको। (आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको दफा २७ र स्थानीय तहको आर्थिक कार्यविधि कानुन)	१		
९६.नदीजन्य पदार्थ र साधारण निर्वाहमुखी खनिज पदार्थको ठेक्कापट्टा लगाउँदा घाटगद्दी गरेर मात्र उक्त पदार्थको बिक्री वा निकासी हुने गरेको।	१		
९७.(१)गत आर्थिक वर्षमा कुनै पनि राजस्व मिनाहा नदिएको ।(२) सम्झौता बमोजिमको समयमा आय ठेक्काको रकम दाखिला भएको । (अङ्क ०.५ +०.५= १)	१		

९८.(१) सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोगसम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई स्थानीय तहबाट स्वीकृत गराएको । (२) सामुदायिक वनले वन पैदावारको बिक्रीबापत प्राप्त रकमको १० प्रतिशत रकम स्थानीय तहको सञ्चित कोषमा जम्मा गर्ने गरेको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२) (ख) (अङ्क ०.५ +०.५= १)	१		
९९.(१) आय ठेक्कामा बैंक ग्यारेन्टी लिएर मात्र सम्झौता भएको । (२) समयमा ठेक्का रकम दाखिला नगर्ने ठेकेदारलाई कर्वाही गरी बैंक ग्यारेन्टीको रकम खिचेर रकम असुल उपर गर्ने गरिएको। (अङ्क ०.५ +०.५= १)	१		
१०० गत विगतमा उठाउन बाँकी कुनै बक्यौता राजस्व नरहेको ।	१		

अनुसूची- ३

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

मूल्याङ्कन कार्ययोजना

क.सं.	क्रियाकलापहरू	जिम्मेवारी
१.	कार्यविधि अनुसार मूल्याङ्कन सूचकका सम्बन्धमा सफ्टवेयर तयार गर्ने ।	मन्त्रालय
२.	कार्यविधि तथा यसको मूल्याङ्कन सूचकको सफ्टवेयरका सम्बन्धमा जिल्ला समन्वय समितिलाई अनुशिक्षण गर्ने ।	मन्त्रालय
३.	कार्यविधि तथा यसको मुल्याङ्कन सूचकको सफ्टवेयरका सम्बन्धमा सम्बन्धित स्थानीय तहका प्रमुख /अध्यक्ष, उपप्रमुख /उपाध्यक्ष र प्रशासकीय अधिकृतलाई अभिमुखीकरण गर्ने ।	जिल्ला समन्वय समिति
४.	निर्वाचित जनप्रतिनिधि र कर्मचारीहरूलाई मूल्याङ्कनको उद्देश्य र विधिबारे जानकारी तथा प्रशिक्षित गर्ने।	स्थानीय तह
५.	सबै विभाग, महाशाखा, शाखाहरूसँग समन्वय गर्न प्रमुख प्रशासकीय अधिकृतले एक जना अधिकृत कर्मचारीलाई सम्पर्क व्यक्ति तोक्ने।	स्थानीय तह
६.	मूल्याङ्कन को पूर्वतयारीको निमित्त सूचकहरूको स्वमूल्याङ्कन गरी यसको प्रारम्भिक नतिजा जिल्ला समन्वय समितिमा पठाउने ।	स्थानीय तह
७.	स्थानीय तहहरुलाई मूल्याङ्कन गर्ने समय खुलाई जानकारी पठाउने ।	जिल्ला समन्वय समिति
८.	सहभागितात्मक छलफल र विश्लेषणको आधारमा मूल्याङ्कनको प्रणालीमा आधारित भई प्रारम्भिक नतिजा तयार गर्ने ।	जिल्ला समन्वय समिति
९.	तयार भएको प्रारम्भिक नतिजा स्थानीय तहलाई पृष्ठपोषणका लागि उपलब्ध गराउने।	जिल्ला समन्वय समिति
१०.	तयार भएको प्रारम्भिक नतिजामा पृष्ठपोषण प्रदान गर्ने।	स्थानीय तह
११.	मूल्याङ्कनको अन्तिम नतिजा तयार गर्ने र मूल्याङ्कनको अन्तिम नतिजा स्थानीय तह, प्रदेश सरकार र मन्त्रालयलाई उपलब्ध गराउने ।	जिल्ला समन्वय समिति
१२.	मूल्याङ्कनको नतिजाको आधारमा वित्तीय सुशासन कार्यान्वयन कार्ययोजना तयार गरी लागू गर्ने।	स्थानीय तह
१३.	मूल्याङ्कनको एकिकृत नतिजा तयार गर्ने र यसको आधारमा स्थानीय तहको वर्गिकरण गरी सार्वजनिक गर्ने ।	मन्त्रालय
१४.	एकिकृत नतिजा सङ्घीय निकायहरूमा पठाउने ।	मन्त्रालय
१५.	वर्गिकरणको आधारमा उत्कृष्ट तह घोषणा गर्ने ।	मन्त्रालय
१६.	मूल्याङ्कनको आधारमा स्थानीय तहको क्षमता विकास योजना कार्यान्वयनमा ल्याउने ।	मन्त्रालय

अनुसूची ४

वित्तीय सुशासन लेखाजोखाको वर्गीकरण

दफा ४ को उपदफा ३ सँग सम्बन्धित

अङकभार	मूल्याङ्कन
४० सम्म	उच्च जोखिम
४१ देखि ८० सम्म	मध्यम जोखिम
८१ भन्दा माथि	न्यून जोखिम

अनुसूची ५

जोखिम न्यूनीकरण कार्ययोजना

दफा ४ को उपदफा ४ सँग सम्बन्धित

१ योजना, बजेट तथा कार्यक्रमको व्यवस्थापन *(Planning, Budgeting amd Programme Management)*

असर १: योजना, बजेट तथा कार्यक्रम प्रणाली प्रभावकारी भएको हुने *प्रतिफल :* *१.१: योजना पद्धतिको सुदृढीकरण भएको हुनेछ ।*				
अपेक्षित नतिजाहरू	सम्भावित जोखिम	जोखिम न्यूनीकरणका लागी अवलम्बन गरिने उपाय	समय सीमा	मापनको (पुष्ट्याइँ) आधार र स्रोत
१. वार्षिक बजेट तथा कार्यक्रमहरू आवधिक योजनामा आधारित हुनेछन्।	१. २. ३.	१. २. ३.		१. २. ३.
२.				
३.				

२ कार्यान्वयन क्षमता तथा व्यवस्थापन *(Implementation Capacity and Management)*

असर २: बजेट कार्यान्वयन क्षमता अभिवृद्धि हुने *प्रतिफल :* *२.१: सार्वजनिक सेवाको वितरण, नियमन तथा विकासका लागि पालिकाको कार्यान्वयन क्षमता सुदृढ भएको हुनेछ ।*				
अपेक्षित नतिजाहरू	*सम्भावित जोखिम*	*जोखिम न्यूनीकरणका लागि अवलम्बन गरिने उपाय*	*समय सीमा*	*मापनको (पुष्ट्याइँ) आधार र स्रोत*
१. कार्यक्रमको वित्तीय र भौतिक प्रगति ९० भन्दा माथि भएको हुने	१. २. ३.	१. २. ३.		१. २. ३.
२.				
३.				

३ लेखाङ्कन तथा प्रतिवेदन प्रणाली (Accounting and Reporting System)

असर ३: आर्थिक प्रशासन सक्षम र जवाफदेही हुने *प्रतिफल :* ३.१ वित्तीय लेखा प्रणाली विधिसम्मत भएको हुने				
अपेक्षित नतिजाहरू	*सम्भावित जोखिम*	*जोखिम न्यूनीकरणका लागि अवलम्बन गरिने उपाय*	*समय सीमा*	*मापनको (पुष्टयाइँ) आधार र स्रोत*
१. सूत्र प्रणाली कार्यान्वयनमा आएको हुने ।	१. २. ३.	१. २. ३.		१. २. ३.
२.				
३.				

४ अनुगमन, मूल्याङ्कन तथा लेखापरीक्षण (Monitoring, Evaluation and Auditing)

असर ४: अनुगमन मूल्याङ्कन तथा लेखापरीक्षण प्रणाली प्रभावकारी भएको हुनेछ । प्रतिफलहरू : ४.१ : अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढ भएको हुनेछ। ४.२ : लेखापरीक्षण प्रणाली सुदृढ भएको हुनेछ। ४.३ : सामाजिक परीक्षण संस्थागत भएको हुनेछ ।				
अपेक्षित नतिजाहरू	*सम्भावित जोखिम*	*जोखिम न्यूनीकरणका लागि अवलम्बन गरिने उपाय*	*समय सीमा*	*मापनको (पुष्टयाइँ) आधार र स्रोत*
१. दुई तिहाइभन्दा बढी आयोजनाको समयबद्ध अनुगमन भएको हुने,	१. २. ३.	१. २. ३.		१. २. ३.
२.				
३.				

५ राजस्व व्यवस्थापन (Revenue Management)

असर ५: राजस्व व्यवस्थापन प्रभावकारी भएको हुनेछ । प्रतिफल : ५.१ : राजस्व व्यवस्थापन क्षमता सुदृढ भएको हुनेछ।				
अपेक्षित प्रतिफल	*सम्भावित जोखिम*	*जोखिम न्यूनीकरणका उपाय*	*समय सीमा*	*मापनको (पुष्टयाइँ) आधार र स्रोत*
१. प्रक्षेपित राजस्व र वास्तविक राजस्व बीचको अन्तर १० प्रतिशतभन्दा बढी हुने छैन।		१. २. ३.		४. ५. ६.
२.				
३.				

अनुसूची ६

मूल्याङ्कनको सारांश

सि.नं.	विषय क्षेत्र	सूचकगत प्राप्ताङ्क				कुल प्राप्ताङ्क
		जम्मा	प्रक्रिया सूचक	नतिजा सूचक	वित्तीय अनुशासनका सूचक	
१	सूचक क्षेत्र १ : योजना बजेट तथा कार्यक्रमको व्यवस्थापन	२१	१५	२	४	
२	सूचक क्षेत्र २ : कार्यान्वयन क्षामता तथा व्यवस्थापन	२९	१४	४	११	
३	सूचक क्षेत्र ३ : लेखांकन तथा प्रतिवेदन	१७	१०	२	५	
४	सूचक क्षेत्र ४ : अनुगमन, मूल्याङ्कन तथा लेखापरीक्षण	१६	५	३	८	
५	सूचक क्षेत्र ५ : राजश्व व्यवस्थापन	१७	९	२	६	
कुल जम्मा		१००	५३	१३	३४	

अनुसूची- ७

आन्तरिक स्व-नियन्त्रण प्रणालीका सूचकहरु

सि न	व्यहोरा	अस्तित्व		निरन्तर कार्यान्वयन		कैफियत
		छ	छैन	छ	छैन	
	सम्पत्ति प्राप्ति तथा सुरक्षा					
	प्राप्ती र खरिदको पूर्व अवस्था					
	सम्पत्ति र सामाग्री खरिद योजना स्वीकृत गराएको					
	मालसामान खरिद कार्यक्रम र वजेटबीच तालमेल मिलेको					
	सम्पत्तिको स्पेसिफिकेशन निर्धारण गरी लागत अनुमान तयार गरेको					
	सिलसिलेवार रुपमा खरिद आदेश स्वीकृत गराइ आदेश दिएको					
	दातावाट जिन्सी सहयोग प्राप्त गर्ने सम्झौता गरेकोमा राष्ट्रिय योजना आयोगको सहमती र अर्थ मन्त्रालयवाट स्वीकृती लिएको					
	सम्पत्ति प्राप्तीको अवस्था,					
	सामान आपूर्ति सम्झौतामा तोकिएको शर्त, समय, परिमाण, लागत र स्थानमा सम्पत्ति प्राप्त भएको					
	प्राप्त भएको सम्पत्तिको स्पेसिफिकेशन र गुणस्तरको प्रमाणीकरण सम्बन्धित प्राविधिकवाट भएको					
	सम्पत्तिको अभिलेख, सुरक्षा एवं उपयोग					
	जुनसुकै स्रोतवाट प्राप्त भएको सामानको स्पेसिफिकेशन र मूल्य खुलाइं ७ दिन भित्र जिन्सी दाखिला नं अनुसार आम्दानी वाँधी लगत राखेको					
	सामानको अवस्था, स्पेसिफिकेशन, मूल्य, परिमाण र हाल प्रयोग, स्थान खुल्ने गरी सहायक खाता राखेको र सो सहायक खातामा सामान प्रयोग गर्नेको भरपाइ गराएको					
	मूल्यवान र सम्वेदनशील सम्पत्तिको भण्डारण व्यवस्थामा उपयुक्त मापदण्ड निर्धारण गरेको					
	पुराना र मूल्य नखुलेका सामग्रीको मूल्य यकिन गरी लगत अद्यावधिक गर्ने कार्यको लागी समिति गठन गरी प्रचलित वजार मूल्यको आधारवाट मूल्य कायम गरी लगत अद्यावधिक गरेको					
	अनावश्यक मौज्दात रहने गरी वा आवश्यकता भन्दा वढी मालसामान खरिद गरेको					
	सम्पत्तिको प्रतिवेदन					
	निकायमा प्राप्त एवं प्रयोग भएका सम्पत्तिको अवस्था खुलाउन कार्यालय प्रमुख आफै वा जिन्सी सामान जिम्मा लिने वाहेक अन्य पदाधिकारीवाट वर्षको कम्तीमा १ पटक जिन्सी निरीक्षण गरेको					
	प्रतिवेदनमा देहायका कुरा खुलाएको					
	जिन्सीमा अभिलेखांकन नभएका सामान र अवस्था खुलाएको					
	मर्मत गर्नु पर्ने, लिलाम वा मिन्हा गर्नु पर्ने सामाग्रीको विवरण खुलाएको					
	अघिल्लो वर्ष उपयोग र चालु वर्ष खरिद भएको सम्पत्तिको तुलनात्मक विवरण पेश गरेको					
	जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएको मध्ये लिलाम गर्नु पर्ने सामाग्रीको ६ महिना र मर्मत गर्नु पर्ने सामाग्रीको ३ महिना भित्र टुगो लगाएको					
	गत वर्षको मौज्दात, चालु वर्ष खरिद, हस्तान्तरण, खपत, लिलाम,					

सि न	व्यहोरा	अस्तित्व		निरन्तर कार्यान्वयन		कैफियत
		छ	छैन	छ	छैन	
	मिन्हा भइं बाँकी सामाग्रीको सवुत अवस्था खुलाइ तालुक निकायमा प्रतिवेदन गरेको					
	अन्य					
	उच्च मूल्यका मेशिनरी औजार उपकरणको सुरक्षाको लागि विमा गनें नीति अगिकारका लागि सिफारिश गरेको					
	चल अचल सम्पत्तिको मूल्य खुलाइं सवै सम्पत्तिको स्रेस्ता खडा गरी सम्पत्तिको केन्द्रीय विवरण तयार गरेको					
	कार्यालय प्रमुख, भण्डार अधिकृत वा जिम्मा लिने पदाधिकारीको सरुवा वा वढुवा हुँदा सम्पत्तिको यथार्थ अवस्था खुलाइं वरवुझारथ गरेको ।					
	जालसाजी र भूलको पहिचान तथा प्रतिरोध					
	जिम्मेवारी बाँडफाँड					
	निम्न बमोजिमका कार्यहरु सामान्यतया भिन्नाभिन्नै पदाधिकारीबाट गराइएको					
	■ नगद जिम्मा लिने र लेखा राख्ने व्यक्ति					
	■ रकम संकलन गर्ने, विल काट्ने, रकम बैंक जम्मा गनें र अभिलेख राख्ने व्यक्ति					
	■ अनुमति पत्र संकलन गर्ने, जरिवाना लगाउने र खाता अभिलेखांकन गनें व्यक्ति					
	■ नगद संकलन गर्ने र दैनिक खाता बन्द गर्ने व्यक्ति					
	खर्चको स्वीकृति दिने र सम्पत्तिको अभिलेख राख्ने कार्य कम्तिमा भिन्नाभिन्नै पदाधिकारीबाट गराएको					
	निम्न कार्यहरुका सम्बन्धमा यथोचित कार्य विभाजन गरिएको छ ?					
	■ सामान आपूर्तकलाइं आपुर्ति आदेश दिने,					
	■ समान प्राप्त गर्ने,					
	■ भौचर प्रमाणित गर्ने,					
	■ भुक्तानी गर्ने					
	कार्य विभाजनको स्वीकृति					
	खर्च भुक्तानी कार्य र भौचर तयारी एवं खरिद कार्यको जिम्मेवारी फरक फरक पदाधिकारीलाइं दिएको					
	बैंक सम्बन्धी व्यवस्था, ट्रेजरी सिस्टम लागू नभएका स्थानमा					
	मासिक रुपमा बैक हिसाब मिलान विवरण तयार गरेको					
	चेकमा दस्तखत गनें तथा लेखा राख्ने पदाधिकारी बाहेक अन्य कर्मचारीबाट बैंक हिसाब समायोजन गरिएको					
	प्राप्ती तथा नगद जम्मा गर्ने काममा संलग्न पदाधिकारी बाहेक अन्य कमंचारीबाट बैंक हिसाब समायोजन गरिएको					
	आय प्राप्ति व्यवस्था					
	दैनिक रुपमा नगद कारोवारको जोडजम्मा गरी खातावन्दी गर्ने गरेको					
	रसिद नियन्त्रण खाता राख्ने व्यवस्था					
	जोडजम्मा रकम तोकिएको पदाधिकारीवाट प्रमाणित गराइ बैंक जम्मा गरेको					
	खरिद र भुक्तानी व्यवस्था					
	खरिद भएका तथा अन्य प्रकारबाट प्राप्त भएका सम्पत्ति, मालसामान तथा सेवाको अभिलेख अधिकार प्राप्त अधिकारीबाट					

सि न	व्यहोरा	अस्तित्व		निरन्तर कार्यान्वयन		कैफियत
		छ	छैन	छ	छैन	
	प्रमाणित भएको					
	भौचर साथ विल भरपाइं प्रमाण कागजातमा अधिकार प्राप्त अधिकारीले प्रमाणित गरेको					
	योजना, अख्तियारी, कार्यक्रम, लेखापरीक्षण					
	योजना र स्विकृति					
	खर्च गर्नं पूर्व कार्यक्रम र अख्तियारी प्राप्त गरेको					
	स्वीकृत कार्यक्रम र बजेटको सीमाभित्र रही खर्च गरेको					
	अधिकार प्राप्त अधिकारीवाट रकमान्तर स्वीकृति भएको					
	धरौटी					
	धरौटीको कच्चावारी राखेको					
	गतवर्षको मौज्दात चालू बर्षमा जिम्मेवारी सारेको					
	राजस्व					
	राजस्व प्राप्त भएकै दिन वा सोको भोलिपल्ट बैंक दाखिला गरेको					
	गतवर्षको राजस्व लगत तथा दाखिला गनं बाँकी नगद चालु बर्ष जिम्मेवारी सारेको					
	बर्षान्तमा प्रयोग गर्न बाँकी नगदी रसिदको जिम्मेवारी सारेको					
	बर्षान्तमा प्रयोग गनं बाँकी नगदी रसिद रद्द गरेको					
	पेश्की					
	कार्यालयले म्याद बाँकी र म्याद समाप्त भएको देखिने गरी पेश्कीको अभिलेख राख्ने गरेको					
	विगत वर्षको पेश्की बाँकी रकम जिम्मेवारी सारेको					
	पुरानो पेश्की फछ्र्यौटको लागि पत्राचार गरेको					
	पेश्की उपलव्ध गराउँदा पेश्की लिनेको तीन पुस्ते सहित नाम, ठेगाना आदि उल्लेख गरे नगरेको					
	मासिक प्रतिवेदन					
	विनियोजन, राजस्व धरौटी र अन्य कारोवारको मासिक प्रतिवेदन महिना समाप्त भएको ७ दिनभित्र तालुक कार्यालयमा पठाएको					
	वाार्षिक प्रतिवेदन					
	निम्नानुसार बार्षिक प्रतिवेदन संलग्न रहे नरहेको					
	▪ आर्थिक कारोवारको संक्षिप्त प्रतिवेदन					
	▪ बार्षिक कार्य सम्पादन प्रतिवेदन					
	उक्त प्रतिवेदन सूचनाको हक सम्वन्धी ऐन बमोजिम सार्वजनिक गरेको					
	आन्तरिक लेखापरीक्षण					
	विनियोजन, राजस्व तथा धरौटी र अन्य कारोवारको प्रचलित कानून बमोजिम आन्तरिक लेखापरीक्षण भएको					
	आन्तरिक लेखापरीक्षणको प्रतिवेदन चौमासिक रुपमा प्राप्त हुने गरेको					
	आन्तरिक लेखापरीक्षणवाट औल्याइएका व्यहोरा सुधार गरी समयमै फछ्र्यौट गरेको					
	बेरुजू फछ्र्यौट					
	अन्तिम लेखापरीक्षणवाट कायम बेरुजूको लगत रहेको					
	विगत वर्षको बेरुजू फछ्र्यौटको लागि प्रयास गरेको					
	अन्य					
	कोष तथा लेखा नियन्त्रक कार्यालयवाट तलवी प्रतिवेदन पास					

सि न	व्यहोरा	अस्तित्व		निरन्तर कार्यान्वयन		कैफियत
		छ	छैन	छ	छैन	
	गराएको					
	भ्रमण अभिलेख खाता राखेको					
	सवारी साधन तथा अन्य मेसिनरी मर्मत अभिलेख खाता राखेको					
	क्रमिक एवं दक्षतापूर्वक कार्य सञ्चालन					
	व्यवस्थापकीय दर्शन र कार्य शैली					
	निकायको कार्य विवरण, उद्धेश्य र लक्ष्य निर्धारण गरेको					
	निकायका पदाधिकारीले आन्तरिक नियन्त्रणलाइं उच्च प्राथमिकता दिएका छन्।					
	अख्तियारवाला र निकायका पदाधिकारीले भौतिक तथा वित्तिय एवं अन्य कार्यसञ्चालन सम्वन्धि लक्ष्य हासिल गर्न जोड दिएका छन्।					
	संगठनात्मक बनौट					
	निकायले संगठनात्मक तालिका तयार गरेको।					
	निकायको सवै प्रमुख कार्य सञ्चालनको लागि औपचारिक नीति र कार्यविधिहरु विद्यमान ।					
	अधिकार र जिम्मेवारी					
	संगठनात्मक लक्ष्य,उद्धेश्य, कार्यसञ्चालन र नियमित आवश्यकतालाइं समेट्ने गरी स्पष्ट रुपमा अधिकार प्रत्यायोजन गरेको र जिम्मवारी तोकेको छ।					
	निकायका पदाधिकारीहरु विभिन्न कार्यहरुको सुपरीवेक्षणमा सक्रिय सहभागी छन्।					
	तलवाट माथी र माथीवाट तल हुने सञ्चार संयन्त्रको उपयोग हुने गरेको छ।					
	व्यवस्थापनमा संलग्न व्यक्तिलाइं नै आर्थिक अधिकारको औपचारिक प्रत्यायोजन गरिएको छ।					
	आन्तरिक नियन्त्रणको अवधारणा र महत्वलाइं दृष्टिगत गरी आन्तरिक नियन्त्रण कार्यविधि तयार गरेको ।					
	मानव स्रोतसाधन नीति र कार्यान्वयन					
	लेखाका कर्मचारीको कार्यवोझले भरपर्दो लेखा अभिलेख तयार गर्न वाधा पुगेको छ।					
	आर्थिक प्रशासनमा संलग्न कर्मचारीको वर्षमा एक पटक भन्दा बढी हेरफेर भएको।					
	आर्थिक प्रशासनमा संलग्न कर्मचारी अनुपस्थित हुँदा बैकल्पिक व्यवस्था गरेको					
	कम्प्युटर उपकरण र सफ्टवयरको व्यक्तिगत प्रयोग सम्वन्धि नीति स्पष्ट गरिएको छ ।					
	कार्यसञ्चालन					
	निकायमा नागरिक वडापत्र छ ।					
	निकायको क्रियाकलापहरुको कार्यप्रवाह मानचित्र छ ।					
	नागरिक वडापत्रको कायांन्वयन भएनभएको जानकारी हुने संयन्त्र छ ।					
	नागरिक वडापत्रको स्वतन्त्र मुल्यांकन गरिएको छ ।					

सि न	व्यहोरा	अस्तित्व		निरन्तर कार्यान्वयन		कैफियत
		छ	छैन	छ	छैन	
	सेवाग्राही सन्तुष्टि सर्भेक्षण गरिएको छ ।					
	काम कारवाही सम्बन्धमा उजूरी गुनासोको समाधान गर्ने गरिएको छ ।					
	सूचनाको बर्गीकरण गरी अभिलेख राखिएको छ ।					
	सेवाग्राहीले माग गरेका सूचना प्रवाह गरिएको छ ।					
	प्रवक्ता एवं सूचना अधिकारी तोकेको छ ।					
	निकायमा सहयोगी कक्षको व्यवस्था गरिएको छ ।					
	लेखा अभिलेखको यथार्थता					
	सामान्य व्यवस्था					
	निकायले लेखा सम्बन्धी म्यानुअल तयार गरेको					
	लेखा सम्बन्धी म्यानुअल सम्बन्धित कर्मचारीलाइं उपलब्ध गराएको					
	बजेट शिर्षक र खर्चको बर्गिकरण अनुसार प्रत्येक खातामा प्रविष्टि गरेको					
	सम्बन्धित खर्चको प्रमाण वा कागजातहरु व्यवस्थापनले पुनरावलोकन गरेको					
	लेखा सम्बन्धी कागजात वा स्रेस्ताहरु लेखाको कर्मचारीले मात्र राख्ने गरेको					
	लेखा सम्बन्धी खाता, अभिलेख तथा बिवरणहरु लगायतका स्रेस्ता सुरक्षित रुपमा राखेको					
	कागजात सुरक्षित राख्न भौतिक पूर्वाधारको व्यवस्था पर्याप्त रहेको					
	लेखा प्रणाली कम्प्युटर प्रयोग भएको अवस्था					
	आर्थिक कारोवारको लेखा कम्प्युटर प्रणालीमा राखेको					
	प्रयोगकर्ताको नाम, लगइन र पासवर्ड राख्ने गरेको					
	नयाँ प्रयोगकर्ताको नाम र आइ डि आधिकारिक व्यक्तिले मात्र राख्न सक्ने व्यवस्था गरेको					
	कर्मचारी अवकाश वा काम छोडेपछि संकेत नम्बर तुरुन्त हटाएको					
	आधिकारिक व्यक्तिले मात्र कम्प्युटरमा कारोवारको प्रबिष्टि गर्ने गरेको					
	कम्प्युटर प्रणालीले सबै श्रोत तथा शिर्षकको कारोवार समेटेको					
	गल्ती वा त्रुटी सच्याउनको लागि पर्याप्त व्यवस्था रहेको					
	निम्नानुसार प्रत्येकको व्याक अप सिर्जना गरेको					
	▪ दैनिक					
	▪ साप्ताहिक					
	▪ मासिक					
	▪ वार्षिक					
	सबै व्याकअप सुरक्षित रुपमा राख्ने व्यवस्था गरेको					